# १३ स्वर्गको पवित्र मन्दिरबाट पाउने उत्साहप्रद वचनहरु

*यस अध्यायको निम्ति पढ्नुहोस्:* हिब्रू १०:१९-२५, हिब्रू ४:१६, प्रस्थान २४:८, याकूव ४:७,८, यूहन्ना १३:३४, हिब्रू १०:२४,२५।

*स्मरण गर्नुपर्ने पद:* "परमेश्वरको घरानामा हाम्रा एक जना महान् पूजाहारी पनि हुनुहुन्छ। त्यसकारण इमान्दारी र सच्चा हृदयले परमेश्वरको नजिक आऔं। हाम्रो आस्था वा विश्वासमा बलियो र निश्चित भएर उहाँको समिपमा आऔं। हामीहरूको हृदय खराब विवेकबाट चोखो भएको छ। अपराधि मनस्थितिबाट हामी चोखिएका छौं।(हिब्रू १०:२१,२२ रूपान्तरित)

इसाई आस्था वा विश्वासको साथसाथै इसाई जीवनशैलीलाई पनि जोड दिएर पावलले आफ्नो भनाईलाई हिब्रूको पुस्तकमा जतातते छरेकाछन्। अर्को अर्थमा भन्ने हो भने अर्थमूलक र उपयोगी जीवन कसरी बिताउनुपर्छ भन्ने सरसल्लाह बाइबलमा दिएको छ। "के"मा विश्वास वा आस्था राख्नेले त्यस आस्थालाई जगाइ राख्न "कसरी" भन्नेतिर दोऱ्याउँछ। ख्रीष्ट हाम्रो वलिदान र मूल पुरोहित हुनुहुन्छ भनेर हिब्रूको पुस्तकमा पावलले अचम्म तरिकाले चित्रण गरेका छन् (हिब्रू ७:१-१०:१८)। अनि ती सत्य नितिहरूको आधारमा विश्वासीहरू जीउनुपर्छ भनेर उनले येशूभक्तहरूलाई उत्साह दिंदछन्। उनले दिएको उत्साह हिब्रू १०:१९-२५मा पाइन्छ।

हिब्रू १०:१९-२४ पदहरू युनानी अर्थात् ग्रीक भाषामा एउटै लामो वाक्य हुन्। तिनीहरूमा दुई आधारभूत तथ्यहरू छन् जसले तिनवटा सल्लाहलाई औंल्याउँछन्। प्रत्येक वाक्यांशमा "हामी होऔं", "आऔं" भनेर उल्लेख गरिएको छ भने त्यसमा यी प्रख्यात शव्दहरू कोरेका छन् जुन् विश्वास, आशा र प्रेम हुन्। फेरी "हामी होऔं" भन्ने प्रत्येक सल्लाहमा इसाई विश्वासको अर्को पक्ष पनि समवेश गरिएको छ।

यस अध्ययामा विशेषतः हामी हिब्रू १०:१९-२५लाई नियाल्नेछौं र इसाई जीवनलाई उपयोगीमुलक बनाउन ती पदहरूले के प्रेरणा दिन्छ भनेर हेर्नेछौं।

## १. स्वर्गको पवित्र मन्दिरमा प्रवेश (हिब्रू १०:१९-२१)

**परमेश्वरका भक्तजनहरू कहाँ प्रवेश गर्न सक्छन्? त्यसको अर्थ हाम्रो निम्ति के हो? त्यसमा हाम्रो आशा के प्रदान गरिएको छ? अझ यथार्थमा भन्ने हो भने त्यस आशाले हामीहरूको आस्था तथा विश्वास र जीवनशैलीमा कसरी प्रभाव पार्नुपर्दछ? देहायका पदहरू हेर्नुहोस्: हिब्रू ४:१६, "यसकारण साहससँग अनुग्रहको सिंहासन नजिक जाऔं, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं।", हिब्रू ६:१९,२० "हाम्रा आत्माको निम्ति दृढ़ र सुरक्षित लङ्गरको रूपमा यो आशा हामीसित छ। यो आशा पर्दाभित्रको पवित्रस्थानमा प्रवेश गर्दछ, जहाँ हाम्रा पक्षमा अग्रदूत भएर मल्कीसेदेकको दर्जाअनुसार येशू प्रधान पूजाहारी भई प्रवेश गर्नुभएको छ।" र हिब्रू १०:१९-२१ "यसकारण भाइ हो, येशूको रगतद्वारा महापवित्र स्थानमा प्रवेश गर्ने साहस हामीलाई हुन्छ। हाम्रा निम्ति एउटा नयाँ र जीवित मार्ग उहाँले खोलिदिनुभयो, जसको कारण पर्दाद्वारा, अर्थात् उहाँको शरीरद्वारा भएर हामी भित्र पस्न सक्छौं। परमेश्वरको घरानामा हाम्रा एक जना महान् पूजाहारी हुनुभएको हुनाले, हाम्रा हृदय खराब विवेकबाट छर्कोद्वारा चोख्याइएर र शुद्ध पानीले हाम्रो शरीरलाई धोएर साँचो हृदयले विश्वासको सम्पूर्ण भरोसामा हामी परमेश्वरको समीप जाऔं।"**

स्वर्गको पवित्र मन्दिरमा रहेका परमेश्वरकै राजसिहाँसनको सामु उहाँका भक्तजनहरू आत्मिक रूपमा प्रवेश गर्न सक्छन्। त्यस हिसाबले हामी परमेश्वरको नजिक भएको आभास पाउन सक्छौं। ख्रीष्टको रगतले र उहाँ हाम्रो मूल पुरोहितको हैशियतले ख्रीष्ट त्यहाँभित्र प्रवेश गर्नुभएकोले नै हामी पनि त्यहाँ प्रवेश गर्न सम्भव भएको छ। हामीहरूको आत्माको अङ्कुर ख्रीष्टमा छ भनेर हिब्रू ४:१६, ६:१९,२०ले कबूल गरेको छ। ख्रीष्ट परमेश्वरकै सामु उपस्थित हुनुहुन्छ। ख्रीष्ट स्वर्गमा मूल पुरोहित हुनुभएकोले उहाँ परमेश्वरसँग सिधै सम्पर्कमा

हुनुहुन्छ भनेर हामीलाई प्रतिज्ञा गरिएको छ (हिब्रू ६:२०)। जब उहाँ स्वर्गमा मूल पुरोहित हुनुभयो तब उहाँ स्वर्गको राजकिय सिहाँसनमा बस्नुभएको थियो। त्यसले उहाँ जगतको राजा हुनुहुन्छ भनेर देखाउँदछ (प्रकाश ३:२१)।

हाम्रो निम्ति शुभ समाचार त यो हो कि ख्रीष्ट सनातन परमपिता परमेश्वरको साथमा हुनुहुन्छ। संसारको कुनै पनि पुरोहित वा इसाई भिक्षु नै किन नहोस् हाम्रो निम्ति मुक्तिको सेवाकार्य गर्न सक्दैन किनकि ऊ आफै पापी हो। स्वर्गमा हाम्रो निम्ति उत्तम पुरोहित हुनुहुन्छ। परमेश्वर पिताबाट उहाँको पुत्रसँगको सम्बन्धलाई कसैले छिनाल्न सक्दैन। ख्रीष्ट शिद्ध र पापरहित मूल पुरोहित हुनुभएकोले परमेश्वर पिता र उहाँको बीचमा अलग राख्ने कुनै पनि पर्दाको आवश्यक छैन (हिब्रू १०:२०)।

“कसैको निम्ति पहल वा मध्यस्थ गर्नु भनेको के हो त? यो सीमित मानिससँग असीमित परमेश्वरको सिहाँसनमा मिलाउने सुनौलो सिक्री हो। मुक्ति दिन ख्रीष्ट मर्नुभएको पापीले परमेश्वरको सिहाँसनसामु प्रार्थनाद्वारा प्रवेश गर्न सक्दछ। आफ्नै रगतले किनेको हुनाले त्यस मानिसको प्रार्थनालाई परमेश्वरको सामु पुऱ्याइ दिनुहुन्छ। हामीहरूको महान् पुरोहितले आफ्नो धार्मिकता इमान्दार र सच्चा भक्तको पक्षमा उभ्याइदिनुहुन्छ। अनु ख्रीष्टको प्रार्थना मानव प्रार्थनासँग सम्मिलित हुन्छ।"-एलेन जी ह्वाइट, *दात आइ मे नो हीम,* पृ. ७८बाट रूपान्तरित।

प्रार्थनाद्वारा परमेश्वर पितासँग घनिष्ठ सम्बन्ध राख्न सकिन्छ भन्ने वाचा कतिको सुन्दर छ! येशूले हाम्रो निम्ति के गर्नुभयो र के गरिरहनुभएको छ, त्यसकै कारणले परमेश्वरसँग सिधा सम्पर्क राख्ने सम्भव भएको हो।

**तपाईंको निम्ति येशूले स्वर्गमा के गरिरहनुभएको छ सो सोच्नुहोस्। स्वर्गमा उहाँको काम तपाईंको निम्ति ठूलो आवश्यकता किन छ?**

## २. सच्चा र चोखो बनिएको (हिब्रू १०:२२)

**के शर्तमा स्वर्गको पवित्र मन्दिरमा हामी प्रवेश गर्न सक्दछौं? हेर्नुहोस्, हिब्रू १०:२२ "हाम्रा हृदय खराब विवेकबाट छर्कोद्वारा चोख्याइएर र शुद्ध पानीले हाम्रो शरीरलाई धोएर साँचो हृदयले विश्वासको सम्पूर्ण भरोसामा हामी परमेश्वरको समीप जाऔं।"**

जब परमेश्वरको नजिक कोही आउँछ भने उहाँका उपासकहरूले चारवटा शर्तहरू मान्नु पर्दछः

१. "सच्चा तथा इमान्दारी हृदयले "(रूपान्तरित) परमेश्वरकहाँ आउनुपर्दछ। हाम्रो हृदय, मन वा दिमाग हाम्रो जीवन, भावना, चाहना र चरित्रको केन्द्रविन्दु हो। देवावती होइन तर सच्चा र इमान्दारी हृदयले हामी उहाँकहाँ आएको उहाँ मनपराउनुहुन्छ। तर सफा वा चोखो पारे मात्र हृदय सच्चा र इमान्दार हुन सक्छ। त्यसको अर्थ यो होइन कि हामी परमेश्वरकहाँ आउन अहिले नै शिद्ध हुनुपर्छ न त शिद्ध नै छौं भनेर स्वीकार गर्नुपर्छ। तर हामी ख्रीष्टको चरित्रलाई हाम्रो जीवनमा उतार्न हामी प्रयास गरिरहेकाछौं भनेर देखाउनु पर्दछ।

२. "आस्था वा विश्वासमा निश्चित भएर" आउनुपर्दछ। परमेश्वरको सामु प्रार्थनाद्वारा पुग्न शङ्कै गर्नुपर्दैन भनेर हामीले अगाडि हेऱ्यौं।

३. "हाम्रो हृदयलाई खराब विवेकबाट चोखो पारेर" आउनुपर्दछ। चोखो पार्नु भन्ने शव्दले मरुभुमीमा भएको परमेश्वरको वासस्थानमा मानिसहरूले रगतद्वारा वेदीमा छर्केर चोखो पारेको याद दिलाउँछ (प्रस्थान २४:८, लेवी ८:२३,२४)। त्यस विधिले तिनीहरूलाई चोखो त पाऱ्यो तर तिनीहरूको विवेकलाईचाहिँ शुद्ध पारेको थिएन (हिब्रू ९:९,१३)। तर स्वर्गमा भएको सकली पवित्र मन्दिरमा ख्रीष्टको रगतले शुद्ध पारेको हुनाले त्यसले विवेकलाई पनि शुद्ध पार्दछ (हिब्रू ९:१४)। पश्चाताप गरेर पापमा नफर्कने भनेर प्रण गर्ने दुःखित पापीलाई निर्दोष सावित गर्ने प्रतिक त्यस चोखो पार्ने हो। हाम्रा पापहरू क्षमा भएकोले हामीहरूको विवेक स्वच्छ र सफा हुन सक्छ।

४. “शुद्ध तथा निर्मल पानीले हाम्रा शरीरहरूलाई धोएर" उहाँकहाँ आउनुपर्दछ (हिब्रू १०:२२रूपान्तरित) यो सुन्दा इसाईहरूले गर्ने बप्तिस्माको विधिको उदाहरण जस्तो छ। तर “परमेश्वरको वचनको पानीले धोएर" भन्ने पनि हामी बुझ्न सक्छौं (एफिसी ५:२६ रूपान्तरित)। नियमित रूपमा बाइबल पढेर त्यसको नितिलाई हाम्रो जीवनमा लागु गराएर हामी सफा हुनसक्छौं।

आफ्ना पाठकहरू दोहोरो मन भएको भनेर याकूव ४:७,८मा याकूवले विश्वासी भनाउँदाहरूको मनस्थितिलाई खुलाउँदछ। परमेश्वरप्रति एकाग्र हुने बानी तिनीहरूले त्यागेको जस्तो देखिएको थियो। तिनीहरू पापमा फसेका थिए र तिनीहरू गम्भिर खतरामा परेका थिए। तर पवित्र मन्दिरलाई सफा वा शुद्ध गर्ने भाषा यहाँ प्रयोग गरिएको पाइन्छ। पवित्र मन्दिरको विधिले परमेश्वरकहाँ पुग्ने भनेको जस्तै यदि हामीहरूका सोच,विचार र क्रियकलाप सच्चा  र इमान्दार छन् भने हामी उहाँकहाँ पुग्न सक्छौं।

**हामीहरूको हृदय सफा गर्ने परमेश्वरमात्र हुनुहुन्छ भनेर हामी यकिन हुनुपर्दछ। तर प्रश्न त यो छः हामीहरूको जीवनमा उहाँको अनुग्रहले काम गर्न दिन कतिपय समयमा गाऱ्हो निर्णय किन लिनुपर्छ?**

## ३. आस्था वा विश्वासः साहसिलो, निडर र आत्मविश्वास हुनु (हिब्रू ४:१६)

हिब्रू १०:१९-२५ फेरि पढौं। “१९ यसकारण भाइ हो, येशूको रगतद्वारा महापवित्र स्थानमा प्रवेश गर्ने साहस हामीलाई हुन्छ। २० हाम्रा निम्ति एउटा नयाँ र जीवित मार्ग उहाँले खोलिदिनुभयो, जसको कारण पर्दाद्वारा, अर्थात् उहाँको शरीरद्वारा भएर हामी भित्र पस्न सक्छौं। २१ परमेश्वरको घरानामा हाम्रा एक जना महान् पूजाहारी हुनुभएको हुनाले, २२ हाम्रा हृदय खराब विवेकबाट छर्कोद्वारा चोख्याइएर र शुद्ध पानीले हाम्रो शरीरलाई धोएर साँचो हृदयले विश्वासको सम्पूर्ण भरोसामा हामी परमेश्वरको समीप जाऔं। २३ हामीले दृढ़ स्वीकार गरेको आशालाई दोधार नभईकन दह्रिलोसँग थामिराखौं, किनकि जसले प्रतिज्ञा गर्नुभयो, उहाँ विश्वासयोग्य हुनुहुन्छ।

२४ हामी एउटाले अर्कालाई प्रेम र असल कामको निम्ति कसरी उत्साहित गराउने त्यस कुरामाथि विचार गरौं। २५ कति जनाको सङ्गतिमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौं। तर प्रभुको दिन नजिक आइरहेको तिमीहरूले देखेका हुनाले एउटाले अर्कालाई झन् प्रोत्साहन देओ।" विश्वास योग्य वा विश्वासिता भन्ने शव्दको अर्थ हाम्रो परमेश्वरसँगको सम्बन्धमा निडर हुनु, साहसिलो हुनु र सुरो हुनु हो।

सुरूमा त्यस शव्दको अर्थ बोल्ने बेलामा ढुक्क भएर बोल्नु थियो। त्यसको अर्थ प्रार्थनाद्वारा परमेश्वरकहाँ खुला गरेर आउनु हुनुसक्छ। त्यस्तो खालको खुला सम्बन्धले परमेश्वरमा विश्वस्त भएर आनन्द हुनतिर अग्रसर गरिन्छ। स्वर्गमा हाम्रो मूल पुरोहित भएकै कारण हामी परमेश्वरकहाँ आउन ढुक्क हुनु हो। तर परमेश्वरकहाँ असिमति रूपमा जाने त्यो प्रावधानलाई कसैले पनि रोक्न सक्दैन केवल हामीहरू आफैले मात्र र हामीहरूको गलत निर्णयले उहाँकहाँ आउन तगारो हामीले नै खडा गर्छौं। अर्को शव्दमा भन्ने हो भने परमेश्वरको पवित्र मन्दिरमा हामी आउन कुनै रोकतोक छैन। परमेश्वरको भवनमा जाने निमन्त्रणा सबैलाई खुला छ।

तर उहाँकहाँ ढुक्क भएर आउने वातावरण कहाँबाट आउँछ त? त्यो वातावरण हामी आफैबाट सृजना हुने होइन। तर येशूको रगतले मात्र हामी परमेश्वरकहाँ पुग्न सम्भव छ भन्ने कुरालाई थाहा पाएर मात्र त्यो आत्मविश्वास हामीमा पल्हाउँछ।

**परमेश्वरमा आस्था र आत्मविश्वास कस्तो किसिमको हुन्छ भनेर देहायका पदहरूले यसरी दिन्छः हिब्रू ३ः६,१४ "तर ख्रीष्टचाहिँ परमेश्वरका घरानामा पुत्रको रूपमा विश्वस्त हुनुहुन्थ्यो। यदि हाम्रो आशामा हामीले आफ्नो भरोसा र गौरव अन्त्यसम्मै थामिराख्यौं भने हामी उहाँका परिवार हौं।..१४ यदि हामीले हाम्रो सुरुको भरोसालाई अन्त्यसम्मै दृढ़तासाथ थामिराख्यौं भने, हामी ख्रीष्टका सहभागी भएका छौं।" हिब्रू ४ः१६ "यसकारण साहससँग अनुग्रहको सिंहासन नजिक जाऔं, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न**

**सकौं।" हिब्रू ६:११,१२ " हामी चाहन्छौं, कि तिमीहरू प्रत्येकले आफ्ना सम्पूर्ण आशा प्राप्त गर्नका निम्ति अन्त्यसम्मै त्यही तत्परता देखाउनेछौ, यस उद्देश्यले कि तिमीहरू सुस्त हुनेछैनौ, तर तिनीहरूका अनुकरण गर्नेछौ, जुनहरू विश्वास र धैर्यद्वारा प्रतिज्ञाका हकदार हुन्छन्।" । हिब्रू ११:१,२ "अब विश्वासचाहिँ आशा राखिएका कुराको निश्चय र नदेखिएका कुराको दृढ़ भरोसा हो। २ किनकि यसै विश्वासद्वारा प्राचीन मानिसहरूलाई परमेश्वरले ग्रहण गर्नुभएको थियो।"**

परमेश्वरमा विश्वास भयो भन्दैमा र उहाँमा भरोसा राखियो भन्दैमा हामीहरूको मुक्ति सुरक्षित छ भन्ने छैन तर केवल ख्रीष्ट येशूमा मात्र हामीहरूको मुक्ति सुरक्षित छ। ति अवस्थाहरू हामीहरू को हौं भन्नेमा भर पर्दैन तर येशू को हुनुहुन्छ भन्नेमा हो। विश्वासीहरूमा पूरा विश्वास वा आस्था होस् भनेर बाइबलले सिकाएको कुरो चासोको विषय त हो (हिब्रू ६:११, १०:२२)। येशूको मृत्युबाट हाम्रो निम्ति नयाँ बाटो सधैंको लागि खुला गरिएको छ। त्यसले गर्दा नै परमेश्वरमा पूरा विश्वास वा भरोसा राख्न हामीलाई अग्रसर गराउँदछ। निसन्देहः त्यो भन्दा कमसल आस्थाको अपेक्षा गरिएको छैन। येशूका भक्तजनहरूमा पूर्ण आत्मविश्वास र विश्वास तथा आस्थालाई जगाइ राख्न दुई उपायहरू छन्। एउटा त उहाँलाई विश्वास गरेर नै हो (एफिसी ३:१२)। अर्कोचाहिँ इमान्दारपूर्वक येशूभक्तभएर अरूको सेवा गर्नाले हो (१ तिमोथी ३:१३)। ती दुवै आवश्यक छन् र महत्त्वपूर्ण छन्। दृढ विश्वासको आत्मज्ञान र आफूले आफैलाई उत्साहित बनाइ राख्नु दुवै सच्चा इसाई जीवनका दुई पाता हुन् भनेर हिब्रूको पुस्तकले बताउँदछ। इसाई विश्वास वा आस्थाबाट इसाई जीवनशैली कहिलै पनि अलग हुनुहुँदैन।

**परमेश्वरमा पूरा भरोसा वा विश्वास राख्न र तपाईंको जीवनमा परमेश्वरको चाहना असल छ भन्ने कुरामा अडिग रहन कस्ता कस्ता चुनौतिहरूको सामना गर्नु परेको तपाईंले अनुभव गर्नुभएको छ? त्यसबाट चुक्ने आत्मिक खतराबाट बच्न तपाईं आफूलाई कसरी सुरक्षित राख्नुहुन्छ?**

## ४. आशाः अटल र कहिलै पनि नडगमगिने (हिब्रू ३:६)

देहायका पदहरूको आवाज एउटै छ। येशूका भक्तजनहरूले कसलाई पकडि राख्नुपर्दछ? हेर्नुहोस्: हिब्रू ३:६, "तर ख्रीष्टचाहिँ परमेश्वरका घरानामा पुत्रको रूपमा विश्वस्त हुनुहुन्थ्यो। यदि हाम्रो आशामा हामीले आफ्नो भरोसा र गौरव अन्त्यसम्मै थामिराख्यौं भने हामी उहाँका परिवार हौं।", हिब्रू ३:१४,१५ "यदि हामीले हाम्रो सुरुको भरोसालाई अन्त्यसम्मै दृढ़तासाथ थामिराख्यौं भने, हामी ख्रीष्टका सहभागी भएका छौं। १५ धर्मशास्त्रले भन्दछ, "आजै तिमीहरूले उहाँको शब्द सुन्यौ भने विद्रोहका दिनमा जस्तै गरी आफ्नो हृदय कठोर नपार।", हिब्रू ४:१४-१६ "आकाश छिचोलेर जानुभएका परमेश्वरका पुत्र येशू हाम्रा महान् प्रधान पूजाहारी हुनुभएको हुनाले हामीले पक्कासँग स्वीकार गरेको यो विश्वास थामिराखौं। १५ किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न। तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो। १६ यसकारण साहससँग अनुग्रहको सिंहासन नजिक जाऔं, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं।", हिब्रू ६:१८-२०, "बदली हुन नसक्ने यी दुई कुराहरूमा परमेश्वर असत्य ठहरिनु असम्भव छ। यसैकारण हामी शरण लिनेहरूले हाम्रा सामु राखिदिएको आशा प्राप्त गर्ने ठूलो हौसला पाएका छौं। १९ हाम्रा आत्माको निम्ति दृढ़ र सुरक्षित लङ्गरको रूपमा यो आशा हामीसित छ। यो आशा पर्दाभित्रको पवित्रस्थानमा प्रवेश गर्दछ, २० जहाँ हाम्रा पक्षमा अग्रदूत भएर मल्कीसेदेकको दर्जाअनुसार येशू प्रधान पूजाहारी भई प्रवेश गर्नुभएको छ।

येशूमा पाइने मुक्तिमा पूरा भरोसा राख्नु जरूरी छ। हामीलाई प्रदान गरिएको आशामा विश्वास गर्दै त्यसलाई पकडि राख्नु पनि हामी इसाई भएको हैसियतले जरूरी छ। समाती राख्नु वा पकडि राख्नु भन्ने क्रियापद हिब्रूको पुस्तकमा धेरै महत्त्वपूर्ण र गम्भिर आह्वान हो। कतिपय विश्वासीहरू इसाई आशा र विश्वासमा चिप्लिरहेको पाइएको थियो। त्यसकारण तिनीहरू विश्वासबाट नतर्किउन् भनेर पावलले

हौशला दिएका थिए। के कुराहरू पकडि राख्नु जरूरी छ भनेर त्यस पदले भन्दछः आत्मविश्वास वा आस्था, निश्चयता वा विश्वास र हाम्रा पापहरू परमेश्वरको अगाडि स्वीकार गर्नु। ती सबै शव्दहरू इसाई आस्थाको नितिमा छ। ती सबै थोकहरू हामीले गर्न सक्छौं किनभने हामीहरूको आशा हामीहरूमा होइन तर येशूमा र उहाँले हाम्रो निम्ति के गर्नुभयो त्यसमा छ। जब हामी यस सत्य आत्मज्ञानलाई भुल्छौं तब तुरन्तै हामी परमेश्वरमा हुनुपर्ने विश्वास तथा भरोसामा चिप्लिन जान्छौं।

सुरूदेखि (हिब्रू ३:१४) अन्तसम्म (हिब्रू ३:६,१४, ६:११) विश्वासमा दृढ भएर बस्नु भनेर हामीलाई ती पदहरूले बताउँदछन्। हामीलाई जे हुन्छ त्यसको बावजुद पनि बलियो र पत्थर जस्तो विश्वास राख्दै नडगमगी वा कमजोरी नभइकन आशामा रहिरहनुपर्छ (हिब्रू १०:२३)। परमेश्वरमा हाम्रो भरोसा र बफादारीता अपरिवर्तनशील हुनुहुनुपर्दछ। त्यस स्तरमा हामी किन रहन सक्छौं भन्दा परमेश्वरको विश्वसनीयतामा हामी भरोसा राख्न सक्छौं र उहाँले जे प्रतिज्ञा गर्नुहुन्छ त्यसलाई उहाँले पूरा गरिछोड्नेछ।

परमेश्वर आफ्नो वचनमा (पवित्र धर्मशास्त्र बाइबल) सत्यवादी हुनुहुन्छ भन्ने कुरामा दुईमत छैन। अब्राहम र सारालाई गर्नुभएको प्रतिज्ञा उहाँले पूरा गर्नुभएको थियो। ख्रीष्टको पहिलो आगमनको प्रतिज्ञा उहाँले पूरा गर्नुभएको थियो (गलाती ३:१९) । र येशूको पुनआगमनको प्रतिज्ञा पनि उहाँले पूरा गरिछोड्नुहुनेछ (हिब्रू १२:२६)। तर परमेश्वरको सवभन्दा ठूलो प्रतिज्ञाचाहिँ हामीलाई दिइने अनन्त जीवन हो जुन समयको आविश्कार वा सुरू गर्नुभन्दा अगाडि नै उहाँले प्रतिज्ञा गर्नुभएकोथियो (तितस १:२, १ यूहन्ना २:२५)।

परमेश्वरको विश्वसनीयता अपरिवर्तनशील छ। “हामी अविश्वासी छौं भने पनि, उहाँ विश्वासयोग्य रहनुहुनेछ, किनकि उहाँले आफैलाई इन्कार गर्न सक्नुहुन्न (आफ्नो वचनमा वचनवद्ध हुनुहुन्छ)।" (१ तिमोथी २:१३)। परमेश्वरप्रति हामीहरूको विश्वास भएन भन्दैमा उहाँ योजना हामीप्रति बदलिन्दैन। हामीहरू कमजोर भएतापनि हामप्रति उहाँका प्रतिज्ञाहरू अटल छन्। हामीहरूको हितको निम्ति गर्नुभएको

प्रतिज्ञा सबैलाई सदाको निम्ति उपलव्ध छन् किनभने वचनवद्ध वा विश्वासयोग्य हुनु परमेश्वरको स्वभाव हो।

**हामीहरूको पापले गर्दा निराश हुनु धेरै सजिलो छ। त्यस्ता निराश पार्ने पापहरूबाट हामी कसरी उम्किने? फेरि त्यसबखत हामी असफल हुँदा हामीहरूको प्रयासमा कसरी नत्यागीरहने? बेला बेलामा हामीहरू चुकिएतापनि परमेश्वरले दिनुभएका प्रतिज्ञामा हामी कसरी अडिग भएर बस्ने?**

## ५. प्रेमः एक आपसमा साहस दिनु (हिब्रू १०:२४)

जुन प्रोत्साहन हिब्रू १०:२३मा दिएको छ त्यसले मानिसको व्यक्तिगत मनस्थितिलाई औँल्याएको छ। अनि हिब्रू १०:२४लेचाहिं सामुहिक विश्वासीहरूको मनस्थितिलाई ध्यानमा राखेर लेखिएको हो। येशू मार्गमा हामी एक्लै हिंड्दैनौं। हामी सधैं एक आपसको हितलाई ध्यान गर्दै अघि बढ्नु पर्दछ।

विश्वासीहरूको बीचमा पारस्परिक प्रेम हुनु प्रत्येक इसाई हुँ भन्नेहरूको धर्म र कर्तव्य हो (यूहन्ना १३:३४,३५, गलाती ५:१३)। तर एक आपसी प्रेम त्यसै वा स्वभाविकैले हुनुपर्छ भन्ने छैन। अरूप्रति सोच्नु वा अरूको हितलाई मध्यनजर राखेर हिंड्नु भन्ने मनस्थिति योजनावद्ध हुनुपर्छ । त्यो त्यत्ति सजिलो छैन। त्यसलाई सतर्क पनि अपनाउनुपर्दछ। हामीहरूका विश्वासी दाजुभाईदिदीबहिनीहरूलाई पन्छाएर नहिंड बरू तिनीहरूलाई कसरी माया गर्ने र असल काम गर्न हौशला दिने भनेर हामीलाई अनुरोध होइन तर निर्देशन दिएको छ। अभाग्यवस विश्वासीहरूसँग कारोबार वा व्यवहार गर्दा ख्रीष्टको प्रेमलाई परिचालन गर्नुको सट्टा तिनीहरूलाई हामी क्रोधित बनाउँछौं।

त्यसकारण व्यक्तिगत हितमात्र होइन सामुहिक हितको निम्तिपनि हामी क्रियाशील होऔं। अरूलाई प्रेम गर्ने प्रयत्न गरिन्दा अरूले पनि प्रेम गर्न र असल काम गर्न प्रेरणा मिल्दछ।

**चर्च वा विश्वासीहरूको समूहमा "प्रेम" र "असल काम"को के सरोकार छ? हेर्नुहोस्, हिब्रू १०:२४,२५ "हामी एउटाले अर्कालाई प्रेम र असल कामको निम्ति कसरी उत्साहित गराउने त्यस कुरामाथि विचार**

**गरौं। २५ कति जनाको सङ्गतिमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौं। तर प्रभुको दिन नजिक आइरहेको तिमीहरूले देखेका हुनाले एउटाले अर्कालाई झन् प्रोत्साहन देओ।"**

इसाई भेलामा एक आपस प्रेम देखाउन सकिन्छ भनेर हिब्रूको पुस्तकले औंल्याएको छ। यदि कोही सङ्गती गर्न आउँदैन भने त्यसले ख्रीष्टको प्रेमको निति कसरी पूरा गर्न सक्छ र? कतिले भन्ला चर्चमा वा सत्सङ्गमा नआउनुको मेरो व्यक्तिगत असल कारण छ वा विश्वास भनेको कसैलाई देखाइरहनुपर्दैन आफैभित्र राख्ने कुरो हो भन्दै आफ्नै गुफामा बस्छ। तर हिब्रूको पुस्तकले त्यस्तो संवेदनशील व्यक्तिगत भावनालाई चिरफार गर्न खोज्दै भन्छ त्यस मानिसमा प्रेमको अभावले गर्दा आफू अलग बस्न चाहेको हुनसक्छ। यदि कोही चर्चमा आउन इच्छा गर्दैन भने त्यहाँ नआउन अनेक किसिमका बहानाहरू जहिले पनि निकाल्न सक्छ। चर्चमा आउने मूख्य कारणमा ध्यान दिन सक्यो भने ती सबै बहानाहरू स्वःत भत्किएर जान्छ। इसाई हुँ भन्ने दावी त गर्ने तर चर्चमा नआउने बहानाहरू यथोचित देखिन्दैन यदि चर्चमा आउनुको अर्थ बुझियो भने। चर्चमा आउनुको साँच्चिकै अर्थ त यदि हामी चर्चमा आयौं भने हामीहरू अरूको निम्ति प्रेरणा हुनसक्छ र चर्चमा आएकोमा आशिष पाएको अनुभव तिनीहरूले गर्न सक्छ। अर्थात् हामी चर्चमा आउँछौं हाम्रै निम्तिमात्र नभएर अरूको निम्ति पनि हो। तर हामीमा चिसो माया छ भने स्वःत गुप्तबास बस्न मनपराउनेछौं।

ख्रीष्टको आगमन नजिक नजिक भइरहेको छ भन्ने कुरालाई मध्यनजरमा राख्दा इसाई सत्सङ्गको महत्त्व झन धेरै हुन आउँछ। हिब्रू १०:१९-२५मा स्वर्गको पवित्र मन्दिरमा रहेको परमेश्वरको सिहाँसनसामु आउनु भनेर पावलले हामीलाई सचेत गराउँछन्। प्रभुको दिन नजिकिँदैछ भन्दै तिनीहरूलाई सम्झाएर ती पदहरू उनले अन्त गर्दछन्। ख्रीष्टको आगमनलाई हरदम प्रतिक्षा गरेर बस्नु नै असल इसाई नागरिकको परिभाषा हो। हामीहरूको सम्पूर्ण इसाई जीवनशैली अपनाउनुको मूल कारण नै उहाँको दोस्रो आगमन हो।

तपाईंको चर्चमा तपाईंको वचन, क्रियाकलाप र उपस्थितिले कसलाई हौशला दिन चाहनुहुन्छ? यदि यस मामिलामा तपाईं गम्भिर हुनुभयो भने विश्वासीहरूको जीवनमा तपाईंले ठूलो परिवर्तन ल्याउन सक्नुहुन्छ र त्यसको फलस्वरूप तपाईं आफै पनि आशिष पाएको अनुभव गर्नु हुनेछ।

**उपसंहार:**

"यस संसारका कुनै मूल पुजारी भन्दा स्वर्गमा हुनुभएको येशूको महान् पुरोहितको कामले बढि सम्मान र यश पाउनुपर्दछ।...त्यस उद्धारकर्ता पुरोहित परमेश्वर र उहाँका जनहरूको बीचमा उभिनुहुन्छ। त्यस कार्यरत  येशूको मूल पुरोहित योजनाद्वारा दोषी पापी परमेश्वरकहाँ जान बाटो खुला गरिएको हुन्छ। आफै व्यक्तिगत रूपमा वा आफ्नो पापलाई बोकेर परमेश्वरकहाँ पापी आउन सक्दैन। परमेश्वरको व्यवस्थाको मागलाई पूरा गरेर हाम्रो निम्ति परमेश्वरकहाँ आउने बाटो खुला गर्ने केवल येशूमात्र सक्षम् हुनुहुन्छ। उहाँ एकमात्र पापरहित शिद्ध हुनुहुन्थ्यो। अनुमाननै गर्न नसकिने मोल तिरेर परमेश्वरले पापको समस्या समाधान उहाँले जुन् गर्नुभयो, यदि येशू नमर्नुभएको भए त्यो थाहा पाउने थिएन।"-एलेन जी ह्वाइट, द स्पिरिट अभ प्रोफेसी, ठेली २, पृ. ११बाट रूपान्तरित।

"चर्चमा भइरहेका समस्याहरूले दुःख दिनेकामबाट यदि हामी जोगिन चाहन्छौं भने स्वर्गमा ख्रीष्टले गरिरहनुभएको मूल पुरोहितको काममा अगाध आस्था राख्नुपर्दछ। त्यस आस्थामा अटल र एक टकलगाएर हिंड्दा चर्चको कुरामा ल्याउने खलबलले हामीलाई कुनै असर पार्दैन।"-एलेन जी ह्वाइट, बाइबल कमेन्टरी, ठेली ७ए, पृ ४८४बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. हिब्रूको पुस्तक सरसरती पढ्नुहोस्। हामीहरूको विश्वासको आधारमा हामी कसरी चल्नुपर्छ भन्ने निर्देशन त्यस पुस्तकबाट कसरी पाउँछौं?

आ. प्रार्थनाद्वारा हामी परमेश्वरकहाँ पुग्न सक्छौं भन्ने आत्मज्ञानलाई गहिरिएर सोच्नुहोस्। त्यसको अर्थ तपाईंको निम्ति के हो? निराश भएको बेलामा र विशेष गरेर आत्मिक अवस्थामा कमजोरी भएको बेलामा प्रार्थना गर्ने त्यस अवसरले हामीलाई कसरी हौशला दिन सक्छ?

इ. "विश्वासमा पूरा हुनु वा परमेश्वरमा आत्मविश्वास हुनु" र "होकी होइन भन्ने अनुमानित वा धृष्ट विश्वास राख्नु"को बीचमा के भिन्नता छ?

ई. एलेन जी ह्वाइटले भन्नुभएको "अनुमाननै गर्न नसकिने मोल तिरेर परमेश्वरले पापको समस्या समाधान उहाँले जुन् गर्नुभयो, यदि येशू नमर्नुभएको भए त्यो थाहा पाउने थिएन।" भन्नुको अर्थ के हो? अनुमान गर्न नसकिने मोलको अर्थ येशूको बलिदान हो, त्यसको बारेमा तपाईं के भन्नुहुन्छ? ख्रीष्ट सृष्टिकर्ता भएर पनि त्यस्तो मोल तिर्नुभएको आत्मज्ञानलाई तपाईंले कसरी बुझ्नुहुन्छ? त्यो कुरा थाहा पाएर पनि अरूलाई सिकाउन नचाहनुको अर्थ के हो?

उ. असल प्रेमाभाव र असल काम गर्न आत्मिकमित्रताको बिकास गर्नुपर्छ, तर त्यसलाई कसरी बिकास गर्ने जसले गर्दा हामी सार्थक जीवन बिताउन सक्छौं? चर्चमा, घरेलु सङ्गतमा वा कुनै पनि इसाई भेलामा तपाईंले कस्तो आत्मिक फायदा पाइरहनुभएको छ? चर्चमा अरू विश्वासीहरूसँग सङ्गती गर्नुभएन वा सङ्गती गर्न रुचाउनु भएन भने त्यसको बैफायदा कस्ले भोगिरहेको छ, तपाईंले कि अरूले?